



# प्रदेश-३





‘अध्ययनका लागि दिएको डेड लाख रकम त खाए खाए, हाम्रो वर्ष दिनको समय र भविष्यसमेत अन्धकार बनाए।’ -एक विद्यार्थीले भने।

### नेसनल हेल्थ फाउन्डेसन विद्यार्थी ठगी प्रकरण

# ज्ञवाली पुर्पक्षमा पाँचलाई पक्राउ आदेश

**मोतीराम तिमल्सिना, काभ्रे**

८० विद्यार्थीलाई नक्कली कलेज खोलेर ठगी गर्ने नेसनल हेल्थ फाउन्डेसन बनेपाका प्रशासन प्रमुख सुरज ज्ञवालीलाई जिल्ला अदालत काभ्रेपलाञ्चोकले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

नुवाकोट टेक्निकल इन्स्टिच्युटका नाममा सीएमए र अनमीमा भर्ना गरिएका ८० विद्यार्थीमाथि ठगी गरिएको थियो। तीमध्ये ६३ जनाले रकम फिर्ता पाएका छैनन् भने उनीहरूको भविष्यसमेत अन्योलमा परेको छ। ठगिएकामध्ये केहीले विभिन्न कलेजबाट अध्ययन गरी परीक्षा दिने अवसर प्राप्त गरेका छन्।

६३ जनाको उजुरीका आधारमा प्रहरीले प्रशासन प्रमुख ज्ञवालीलाई पक्राउ गरेको थियो। संस्थाका सञ्चालक तथा संस्थापक प्रिन्सिपल शिलाकान्त झा, सञ्चालक अध्यक्ष कृष्ण बढुवाल, सञ्चालकहरू मोहनराज भट्ट, भानुदेव जैसी,, शोभितजंग रायमाझी फरार छन्। अदालतले फरारहरूको हकमा म्याद जारी गरेको छ। जिल्ला न्यायाधीश दीपककुमार खरेलको बेन्चले ज्ञवालीलाई पुर्पक्ष र अन्यलाई म्याद जारी गर्ने आदेश गरेको हो।

कलेजका सञ्चालकहरूको स्थायी ठेगाना कैलाली हो। इलाका प्रहरी कार्यालय बनेपाले १३ लाख ९० हजारको बिगोसहित ठगी मुद्दा दर्ता गरेको थियो। २०७५ असार ६ गते प्रशासन प्रमुख ज्ञवालीले ठगिएका ६८ विद्यार्थीमध्ये ५ जनाको रकम फिर्ता गरेका थिए। अन्यले अझै रकम प्राप्त गरेका छैनन्। ज्ञवाली र झा नातामा ज्वाइँ जेठान हुन्। यसअघि पनि कलेजबाटै विद्यार्थी ठगी गरेको अभियोगमा उनीहरूलाई कारबाही भए पनि शक्तिका आडमा थुनामा गएका थिएनन्।

८ महिनाअघि उजुरी परे पनि जिल्ला प्रशासन कार्यालय मौन रहँदा प्रिन्सिपल र सञ्चालक फरार हुँदै आएका थिए। सीटीईभीटीले छानविन गरी कलेज खारेज गर्ने निर्णय गर्दासमेत प्रशासन मौन थियो। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत आएलगत्तै यस्ता मुद्दाहरूमा प्रशासन सक्रिय भएको हो। विद्यालयका मुख्य सञ्चालक शिलाकान्त झा अझै फरार छन्। जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा ठगीको उजुरी परेको ८ महिनापछि प्रशासनको सक्रियतामा इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनीलजंग शाहले उनलाई पक्राउ गरेका थिए। झा र ज्ञवालीले वार्षिक १ लाख २० हजारका दरले ९६ लाख रुपियाँ संकलन गरेर नक्कली कलेज सञ्चालन गरी परीक्षासमेत दिलाउने तयारी गरेका थिए।

समाचार प्रकाशनपछि सीटीईभीटीले छानविन टोली गठन गरेको थियो। ‘अध्ययनका लागि दिएको डेड लाख रकम त खाए खाए, हाम्रो वर्ष दिनको समय र भविष्यसमेत अन्धकार बनाए’, एक विद्यार्थीले भने- ‘बनेपामा रहेको नेसनल हेल्थ फाउन्डेसनको नाममा विद्यार्थी भर्ना गराएर सञ्चालक सदस्य सचिव शिलाकान्त झा र प्रशासन प्रमुख सुरज ज्ञवालीले दर्ता नै नभएको नुवाकोट टेक्निकल इन्स्टिच्युटको नाममा झुक्याएर फाराम भरेका रहेछन्।’

सीटीईभीटीमा दर्ता नभएको नुवाकोट टेक्निकल इन्स्टिच्युटकै नाममा ज्ञवालीले विद्यार्थीको नक्कली हस्ताक्षर गराएका थिए। सीटीईभीटीका कर्मचारीको मिलेमतोमा नुवाकोट टेक्निकल इन्स्टिच्युटको प्रवेशपत्र वितरण गरिएको थियो। चालू शैक्षिक सत्रमा विद्यार्थी भर्ना लिन नपाउने गरी सीटीईभीटीले नेसनल हेल्थ फाउन्डेसन खारेजी गरेको सूचना प्रकाशन गरिसकेको छ। नेसनल हेल्थ फाउन्डेसनका नाममा विद्यार्थीलाई ठगी गरिएको छ भने सोही कलेजका सञ्चालक शिलाकान्त झाले फर्जी हस्ताक्षर गरेर जिल्ला प्रशासनमा संस्था नवीकरण गराएका छन्।

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै मौलाकालिका मन्दिर

**कृष्ण आचार्य, नवलपुर**



चितवन र नवलपुरको फाँटमा बसेकाहरूलाई केही क्षण भए पनि शान्त र आध्यात्मिक आनन्द लिन जाने नजिकको गन्तव्यका रूपमा मौलाकालिका मन्दिर प्रख्यात बन्दै गएको छ। ‘मर्निङ वाक’ गर्नेदेखि मन्दिर दर्शन गर्ने तीर्थालुको दैनिकजसो भिड नै लाग्ने गरेको छ। ऐतिहासिक र धार्मिक महत्त्व बोकेको मौलाकालिका मन्दिरमा दैनिकजसो भक्तजनको घुइँचो लाग्छ। पूर्व-पश्चिम राजमार्गमा पश्चिम बुटवलतर्फ नारायणी नदीको पुल पार गर्नेबित्तिकै नवलपरासी शुरू हुन्छ। ५ सय मिटर अगाडि बढेपछि दायाँ जाने पिच सडक छ। त्यो बाटो छिचोल्दै करिब दुई किलोमिटर पर पुगेपछि सवारी साधनले विश्राम पाउँछ।

तनहुँको दमौलीबाट मन्दिरको दर्शनका लागि आएका राजु खड्काले मन्दिरमा आएपछि छुट्टै आनन्द र शान्तिको महसुस भएको अनुभव सुनाए। उनले मौलाकालिकाबाट देखिने पवित्र देवघाट धाम, कलकल बगेकी नारायणी, सुन्दर नारायणगढ बजार र अर्कोतर्फ गैंडाकोटका सुन्दर फाँटले सबैको मन लोभ्याउने बताए। एकपटक आउने जो कोही पनि अर्को पटक मन्दिर आएर छाड्ने उनको भनाइ छ।

२०५३ सालमा बनेको मन्दिरको विसं १५७५ देखिको इतिहास छ। सातामा करिब १५ हजारले मन्दिरको दर्शन गर्ने गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शालिकराम सापकोटाले जानकारी दिए। वर्षेनी १० प्रतिशतले भक्तजनको बढेको उनको दाबी छ। नवलपरासी, चितवन, मकवानपुर, धादिङ, तनहुँलगायतका जिल्ला र भारतका विभिन्न स्थानबाट दर्शनका लागी भक्तजनहरू आउने गरेको सापकोटाले बताए। मन्दिर आउने पर्यटकमध्ये पाँच प्रतिशत पर्यटक भारतीय रहेको उनको भनाइ छ।

फेदिदेखि करिब १७ सय खुड्किला ४० मिनेटमा उकालो चढेपछि मौलाकालिका मन्दिर पुगिन्छ। उकालोमा ढुंगे सिँढी राखिएको छ भने बाटोमा गणेश मन्दिर, सालको जंगल र ठाउँ-ठाँउमा चौतारी छन्। प्यास लागे पानी पिउन धारा छन्। चारैतर्फको मनमोहक दृश्यले उकालो चढेको पत्तै पाइँदैन भने थकान आफै कम हुन्छ। गैंडाकोट नगरपालिकामा अवस्थित यो मन्दिर पाल्पाका राजा मुकुन्द सेनले बनाएका हुन्।

१९९० सालको भूकम्पले पुरानो मन्दिर ध्वस्त भएपछि प्यागोडा शैलीमा फेरि बनाइएको हो। करिब ५ सय वर्ष पहिले पाल्पा राज्यका बेलाको सैनिक टुकुटीले मौला राखेर शक्तिपीठको पूजा गर्ने भएकाले मन्दिरको नाम मौलाकालिका राखिएको मन्दिरका प्रमुख सल्लाहकार तथा पूर्वडीआईजी ज्ञानेन्द्रविक्रम महत बताउँछन्। सफा मनले पूजा गरे मनको इच्छा पूरा हुने जनविश्वास रहेको उनले बताए। करिब २० वर्ष यता मात्रै मन्दिरमा भौतिक संरचनाको विकास गरेर पर्यटक भित्र्याउन थालिएको महतको भनाइ छ।

विशेषत: शनिबार र बिदाका दिन मन्दिरमा तीर्थालुको घुइँचो लाग्ने गरेको छ। हरेक बिहान ‘मर्निङ वाक’ गर्नेहरूको ठूलै भीड मन्दिरमा हुने गरेको छ। धार्मिक पर्यटकीय क्षेत्रक रूपमा विकास हुँदै गइरहेको मन्दिरमा केबलकार सञ्चालनका लागि पहल थालिएको छ। नवलपुरको शाश्वत धाम, मौलाकालिका र देवघाटलाई जोडेर एकीकृत रूपमा पर्यटक भित्र्याउने पहलसमेत थालिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सापकोटाले बताए। उनले एक वर्षमा ५ लाख धर्मावलम्बीले मन्दिरको दर्शन गरेको जानकारी दिए।

# एकल महिलाको दैनिकीलाई सहज बनाऊ

**नेपाल समाचारपत्र**

नुवाकोट

एकल महिलाको हक, अधिकार र सुरक्षाको क्षेत्रमा उपलब्ध भएको रकम सबै स्थानीय तहको लक्षित वर्गसम्म पुर्‍याई एकल महिलाको दैनिकीलाई सहज बनाउन आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्।

मानव अधिकारका लागि महिला, एकल महिलाको आयोजना र अन्तर्राष्ट्रिय सामाजिक संस्था अक्फामको सहयोगमा भएको एकल महिला सुरक्षा कोषसम्बन्धी अन्तरक्रियामा एकल महिलाहरूले वडामा सीप विकास तथा जीविकोपार्जनको क्षेत्रमा बजेट आए पनि आफूहरूलाई जानकारी नहुने बताएका छन्। एकल महिलाहरूले राज्यले उपलब्ध गरेको सेवा सुविधा, हकअधिकार आफूले सहजरूपमा पाउनुपर्ने माग राख्दै एकल महिला संस्था नुवाकोटमार्फत केन्द्रमा बुझाएको बताएका छन्।

तर निवेदन बुझाएको लामो समय बितिसक्दा पनि कुनै पनि सुनुवाइ नभएको एकल महिलाहरूको गुनासो रहेको छ। राज्यले श्रीमान्को मृत्यु भएको, सम्बन्ध बिच्छेद गरेको, श्रीमान् पाँच वर्षभन्दा बढी समयदेखि हराएका वा बेपत्ता भएको, ३५ वर्ष उमेर पूरा गरेको अविवाहित महिला र अंशबण्डा गरी वा माना छुट्टिई श्रीमान्सँग अलग बसेको महिलालाई एकल महिलाको वर्गमा राखेको र राज्यले उनीहरूको हकअधिकार र सेवा सुविधा उपलब्ध गराएको छ। तर ग्रामीण भेगका अधिकांश एकल महिलाले आफूले पाउने हकअधिकारबाट अझै पनि अनभिज्ञ रहेको बताएका छन्।

एकल महिलाको सुरक्षा कोष विषयक अन्तरक्रियामा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले नेपाल सरकारले एकल महिला सुरक्षा कोषका लागि केही रकम छुट्याएको र यो रकम एकल महिलाको सीप विकास, स्वास्थ्य, शिक्षा, औषधोपचारलगायतका क्षेत्रमा मात्र खचिर्नुपर्ने व्यवस्था रहेको बताउनुभएको छ।

प्रमुख जिल्ला अधिकारी थापाले एकल महिलाको आवश्यकता सबै क्षेत्रमा धेरै रहेको र एकल महिला सुरक्षा कोषका लागि छुट्याएको रकम अत्यन्त न्यून रहेकाले सरकारले अहिले ती सबै आवश्यकतालाई परिपूर्ति गर्न सम्भव नरहेको स्पष्ट पार्नुभएको छ। उहाँले एकल महिलाहरू समाजमा आर्थिक, सामाजिक र धार्मिकरूपले बहिष्कृत हुन परेको भन्दै यस्तो किसिमको भेदभावलाई अन्त्य गर्न सामाजिक संघसस्थालगायत सरकारको तीनै तह सक्रिय भएर लाग्न आवश्यक रहेको बताउनुभएको छ।

# जीविकोपार्जनका लागि रेडक्रसको सहयोग

**नेपाल समाचारपत्र**

नुवाकोट

‘भूकम्प प्रतिकार्य कार्यक्रम’ अन्तरगत नेपाल रेडक्रस सोसाइटी नुवाकोट र काहुले उपशाखामार्फत किस्पाङ गाउँपालिका वडा नं ३ काहुलेका १ सय ५१ लाभग्राहीलाई जीविकोपार्जनका लागि पहिलो किस्ताबापतको रकम उपलब्ध गराइएको छ।

गाउँपालिकाको सिफारिसमा आर्थिक अवस्था कमजोर भएका, विपन्न वर्गलगायतका लक्षित वर्गलाई जीविकोपार्जनमार्फत आर्थिक अवस्था सुधारका लागि उपलब्ध गराउने ४० हजार रुपियाँमध्ये पहिलो किस्ताबापतको १५ हजार रुपियाँ गाउँपालिकाको कार्यालयबाट वितरण गरिएको रेडक्रस काहुले उपशाखा सदस्य रवीन्द्रनाथ न्यौपानेले जानकारी दिनुभयो।

भूकम्पपीडित लाभग्राहीसहित कमजोर वर्गका रूपमा रहेका लक्षित वर्गले जीविकोपार्जनका लागि कुखुरा र बाख्रा पालन, सिलाइबुनाइ, तरकारी खेतीलगायतका लागि पहिलो किस्ताबापत पूरा गर्नुपर्ने संरचना निर्माण गरेसँगै १५ हजार रुपियाँ नगद उलब्ध गराइएको छ। बाँकी रकम जीविकोपार्जनका लागि छनोट भएको कार्यक्रमको तोकिएको मापदण्ड पूरा भएपछि उपलब्ध गराउने बताइएको छ।

नगद वितरण कार्यक्रममा किस्पाङ गाउँपालिका प्रमुख छत्रबहादुर लामा, रेडक्रस नुवाकोट शाखा सभापति सुरतबहादुर चित्रकार, काहुले उपशाखा सभापति क्षेत्रबहादुर तामाङलगायतको सहभागिता रहेको थियो।

# प्रदेश-३ को नाम नेवा: ताम्सालिङ राख्न माग

**नेपाल समाचारपत्र**

हेटौंडा




प्रदेश-३ को नाम नेवा: ताम्सालिङ राख्न माग गरिएको छ। प्रदेशको नामाकरण र स्थायी राजधानीको विषयलाई पुन: ब्युँताइएको हो। प्रदेशसभाले गर्ने निर्णयमा बढी विवाद नगर्ने भनेर अवस्थालाई केही साम्य पारिए पनि प्रदेश नामाकरण र स्थायी राजधानीका विषयले पुन: चर्चा पाएको हो।

नेपाल तामाङ घेदुङ संघ प्रदेश कमिटीको आयोजनामा ‘संघीयता कार्यान्वयन र तामाङ पहिचान’ विषयक हेटौंडामा आयोजित कार्यक्रममा प्रदेशको नामाकरण नेवा: ताम्सालिङ राख्न माग गरिएको हो।

प्रदेशका मुख्यमन्त्री, सभामुख, उपसभामुख, मन्त्रीहरू, सांसदहरू राखेर आफ्ना एजेन्डा स्थापित गर्न कार्यक्रम गरिएको हो। सातवटै प्रदेशमध्ये ३ नम्बरमा मात्र तामाङ र नेवार जातिको धेरै बसोबास रहेकाले प्रदेशको नामाकरण गर्दा ध्यान दिन नेपाल तामाङ घेदुङ संघ प्रदेश अध्यक्ष सोम बल तामाङले आग्रह गर्नुभयो।

उक्त नामाकरणबाट द्वन्द्व मेटिने र पहिचान भेटिने तथा बहुपहिचानको मुद्दा समेटिने भएकाले यसमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। तामाङ समुदायले मान्दै आएको सोनाम ल्होसारका अवसरमा ३ दिन सार्वजनिक बिदा दिन माग गर्दै बौद्ध धार्मिक करिडोर घोषणा गर्न माग गरिएको छ।

प्रदेशका १३ वटै जिल्ला समेट्ने गरी प्रदेश सरकारले निर्माण गर्न लागेको चक्रपथलाई आफ्नो जातिअनुसार ताम्सालिङ चक्रपथका रूपमा निर्माण गर्न उनीहरूले माग गरे।

प्रदेश मुख्यमन्त्री डोरमणि पौडेलले ‘सुखी नेपाली र समृद्ध नेपाल’को नाराभित्र सबै पर्ने भएकाले जातजातिबाट माथि उठ्न आग्रह गर्नुभयो। उक्त नारामा कुनै जातजाति, व्यक्ति, समुदायभन्दा पनि ३ करोड नेपाली अट्ने भएकाले नाराअनुसार काम गरिने उहाँले बताउनुभयो।

अब निश्चित जातिभन्दा उत्पीडित जाति र वर्गका निम्ति काम गरिने बताउँदै मुख्यमन्त्री पौडेलले भन्नुभयो- ‘अब जातिविशेषभन्दा पनि वर्गविशेषलाई ध्यान दिएर काम गर्नुपर्छ।’ देशमा खानै नपुग्ने ब्राह्मण समुदाय पनि छन्, ठूला धनी तामाङ समुदाय पनि छन्। त्यसैले वर्गविशेषमा रहेर काम गरिनु आवश्यक छ। जातीयभन्दा पनि वर्गीय राजनीति गर्ने बेला आएको उहाँको भनाइ छ।

प्रदेश-३ मा तामाङ र नेवार समुदायको बाहुल्यता भएको विषयलाई स्वीकार्दै मुख्यमन्त्री पौडेल, आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमकट्टेल र प्रदेशका मुख्य प्रतिपक्षी संसदीय दल नेता इन्द्रबहादुर बानियाँले प्रदेश नामाकरण ‘नेवा: ताम्सालिङ’ राख्ने विषयमा आफूहरू सकारात्मक रहेको बताउनुभयो।

प्रदेश सभामुख सानुकुमार श्रेष्ठले अबको समयमा जातजातिका कुरा गरेर नहुने बताउनुभयो। अहिलेको समयमा सबैसँग प्रतिस्पर्धा गरेर मात्र अगाडि बढ्न सकिने भन्दै उहाँले नमुना प्रदेश बनाउन सबैले महत्त्वपूर्ण काम गर्नुपर्ने बताउनुभयो। सभामुख श्रेष्ठले जातजातिका कुरा गर्ने र साम्प्रदायिकता भड्काउनुभन्दा खुला प्रतिस्पर्धामा आउनुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला ताथ कानुन मन्त्री जमकट्टेलले तामाङ समुदायका माग पूरा गर्न तयार रहेको बताउनुभयो। आफूहरूले पहिलेदेखि भन्दै आएको उत्पीडित वर्ग र जातिका समस्या समेट्न तयार रहेको उहाँको भनाइ थियो।

उपसभामुख राधिका तामाङले नामाकरणप्रति आफू सकारात्मक भएको बताउनुभयो। प्रदेश राजधानी र नामाकरणका विषयमा सकारात्मक रहे पनि प्रदेशसभाले निर्णय गर्ने भन्दै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामाले घुमाउरो विचार राख्नुभयो।

पूर्व ऊर्जामन्त्री सूर्यमान दोङले पहिचानका मुद्दा उठाउँदै कम्युनिस्ट पार्टीहरूले आन्दोलन गरेर संविधान निर्माण गरेको र विगतका दिनमा सँगै बन्दुक किनेर लडाइँ लडेको स्मरण गर्दै त्यही पहिचानलाई दबाउन खोजे पुन: जनताले बन्दुक किनेर आन्दोलन गर्ने चेतावनी दिनुभयो।

# मकवानपुर पूर्णखोप सुनिश्चित

हेटौंडा, (नेस)

मकवानपुर जिल्ला पूर्णखोप सुनिश्चित घोषणा भएको छ। हेटौंडामा मंगलबार आयोजित विशेषसभामा यस्तो घोषणा गरिएको हो।

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले मकवानपुर जिल्लालाई पूर्णखोप सुनिश्चित घोषणा गर्नुभएको हो। जिल्ला खोप समन्वय समिति मकवानपुरले जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरेको छ। मकवानपुरमा १६-२३ महिनासम्मका बालबालिकाले पूर्णरूपमा खोप लगाएको सुनिश्चिततापश्चात् जिल्लालाई पूर्ण खोपयुक्त घोषणा गरिएको हो।

मकवानपुरमा १६-२३ महिनाका ७ हजार १ सय ८३ बालबालिकाले पूर्णखोप लगाएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लामा पूर्णखोप घोषणाका विभिन्न ११ चरण पूरा गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुर प्रमुख रामचन्द्र पाठकले बताउनुभयो।

कार्यक्रममा सहभागीले खोपको चर्चा गर्दै राज्यले दिएको सुविधा उपभोग गरी स्वस्थ नागरिक बन्न आग्रह गरे। बालबालिकालाई खोपको पहुँचमा पुर्‍याएर खोपको अभावका कारण हुने मृत्युदर रोक्न खोप कार्यक्रम प्रभावकारी हुने विश्वास लिइएको छ। सन् २०१७ सम्ममा देशलाई पूर्णखोप राष्ट्र बनाउने लक्ष्य लिइए पनि निर्वाचन र आचारसंहिताका कारण लक्ष्य पूरा भएन।

थाहा नगरबाट शुरू भएको पूर्णखोप घोषणा हेटौंडा उपमहानगरले घोषणा गरेसँगै सबै स्थानीय तहमा घोषणा सकिएको छ। जिल्लामा खोपको पहुँचबाट वञ्चित बालबालिका छैनन्। अब खोपकै कारण रोगबाट संक्रमित भई बालबालिका मर्ने अवस्था अन्त्य भएको स्वास्थ्यकर्मीको दाबी छ।

१ वर्षभित्र बालबालिकालाई बीसीजी, डीपीटी, टीटी, पोलियो, रुबेला र दादुरालगायत १० प्रकारका खोप लगाउन सफल भएकाले पूर्णखोप सुनिश्चितता घोषणा गरिएको हो। पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ अनुसार १५ महिना उमेरभित्र राष्ट्रिय खोप तालिकाअनुसार लिनुपर्ने सम्पूर्ण खोप लिएको अवस्थामा पूर्णखोप घोषणा गर्न सकिने प्रावधान छ।

# अवैध क्रसर उद्योग निर्बाधरूपमा सञ्चालन

नुवाकोट, (नेस)

एक महिनादेखि बन्द रहेका क्रसर उद्योगहरू सर्वोच्च र उच्च अदालतको आदेशमा सञ्चालनमा आएसँगै वैधानिकभन्दा अवैध रहेका क्रसर सबैभन्दा पहिले सञ्चालनमा आएका छन्।

घरेलु तथा साना उद्योग विकास समितिको शाखा कार्यालय नुवाकोटमा दर्ता भएर सञ्चालनमा रहेका तर, दुई वर्षदेखि नवीकरण नभएकाले मापदण्ड विपरीत रहेको भन्दै गएको वैशाख २५ गतेको सर्वोच्च अदालतको आदेशमा बन्द भए पनि तत्कालका लागी सञ्चालन गर्न अदालतले आदेश दिएलगत्तै जिल्लाको तादी गाउँपालिका, पञ्चकन्या गाउँपालिका, किस्पाङ गाउँपालिका, विदुर र बेलकोटगढी नगरपालिकाभित्रका अवैध क्रसर सञ्चालनमा आएका छन्। दर्ता नभएका तथा सञ्चालनका लागि समेत अवैध रहेका क्रसर उद्योगहरू सञ्चालन हुनुमा स्थानीयदेखि जिल्ला प्रहरी कार्यालय र प्रशासन कार्यालयको समेत मिलेमतो रहेको पाइएको छ।

गएको फागुन अन्तिमसातादेखि चैत पहिलो सातासम्म प्रमुख जिल्ला अधिकारीको नेतृत्वले गरेको अनुगमनमा दर्ता नभएका तथा तोकिएको योजनाका लागि स्थापना गरी ती योजना पूरा भएको वर्षौं हुँदा पनि अझै क्रसर उद्योग सञ्चालनमा रहृदा यहाँका नियमनकारी निकाय मौन रहेको छ। अवैध रहेका क्रसर उद्योगको सूची घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, प्रहरी कार्यालय, स्थानीय प्रहरी चौकी र जिल्ला प्रशासन कार्यालय, स्थानीय सरकारलाई थाहा भए पनि यी निकायहरू अहिले आर्थिक प्रयोजन र कमाउने धन्दाको लोभमा लागेर मौन रहेका छन्।

२०७५ असार
बुधबार
२०

रिटमा स्वास्थ्य क्षेत्रबाट पटक-पटक यस्ता लापरबाही हुने गरेकाले अध्ययन गरी दोषीमाथि कारबाही गर्नुपर्नेसमेत माग गरिएको थियो।

# नेपाल

## दादुरा खोप मृत्यु प्रकरण

# मृतक परिवारलाई १० लाख क्षतिपूर्ति दिन आदेश

**विमल विष्ट, डोटी**

६ वर्षअघि दादुराको खोपका कारण मृत्यु भएका ४ बालबालिकाका परिवारले जनही १० लाख रुपियाँका दरले क्षतिपूर्ति पाउने भएका छन्। २०६९ साल भाद्र ३ गते डोटी पूर्वीचौकी गाउँपालिका-५ (साविकको काडामाडौं गाविस) का ६ जना बालबालिकालाई दादुराको खोप लगाइएकामा खोपकै कारण ४ जनाको मृत्यु भएको थियो। २ जना गम्भीर बिरामी परेका थिए। खोप लगाएको भोलिपल्टै मृत्यु भएका ४ बालबालिकाका आफन्तले खोपकै कारण मृत्यु भएको भन्दै क्षतिपूर्तिको माग गर्दै आएका थिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय विश्वम्बरप्रसाद श्रेष्ठ र डा आनन्दमोहन भट्टराईको संयुक्त इजलासले रिट निवेदकको दाबी उपयुक्त भएको ठहर गर्दै मृतकका परिवारलाई क्षतिपूर्ति दिन विपक्षीका नाममा आदेश गरेको हो। आदेशमा भनिएको छ- 'राज्यका अधिकारीको असावधानी र गैरजिम्मेवार कार्यका कारण निर्दोष बालबालिकाको मृत्यु भएको देखिएकाले ३ महिनाभित्र मृतक बालबालिकाका अभिभावकलाई जनही १० लाख रुपियाँ क्षतिपूर्ति जिल्ला प्रशासन कार्यालय डोटीमार्फत दिलाई सो प्रदूषित भायलको प्रयोगबाट बिरामी भएका अन्य बालबालिकाको हकमा निःशुल्क उपचार तथा उनीहरूले बेहोर्नुपरेको हैरानीको लागि उचित क्षतिपूर्ति समेतका लागि विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।'

न्यायालयले आगामी दिनमा खोपका भायल प्रयोग गर्दा पूर्वपरीक्षण गरेर मात्रै गर्न र खोप तथा औषधिको वितरणपूर्व प्रयोगकर्तालाई सोसम्बन्धी पर्याप्त जानकारी दिनसमेत आदेश गरिएको छ। दादुराको खोप लगाएको भोलिपल्ट अर्थात् २०६९ साल भाद्र ४ गते खोपको भायलका कारण ज्यान जानेमा डोटी पूर्वीचौकी गाउँपालिका-५ का १२ महिनाका मिलन नेपाली, ८ महिनाकी सुजाता नेपाली, १९ महिनाकी गौरी चिराल र पूर्वीचौकी-६ गाँजरी घर भई काडामाडौं मामाघर आएकी ९ महिनाकी अञ्जु विक रहेका थिए।

सरकारले लगाएको खोपकै कारण बालबालिकाको ज्यान गएको भन्दै अधिवक्ताद्वय दलबहादुर धामी र जितेन्दबहादुर मडैले सर्वोच्च अदालतमा उत्प्रेषणयुक्त परामादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ भनी रिट निवेदन दिएका थिए। रिटमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपायल, जिल्ला स्वास्थ्य कार्यालय डोटीलगायतलाई विपक्षी बनाइएको थियो।

रिटमा तत्कालीन अवस्थामा प्रयोग भइरहेको दादुरा खोपको भायल तत्काल रोकी परीक्षण गरेर मात्रै प्रयोग गरिनुपर्ने, नेपालको कानुन र अन्तर्राष्ट्रिय सन्धि महासन्धिको व्यवस्थाबमोजिम जनताले गुणस्तरीय स्वास्थ्य उपचार पाउनुपर्ने, मृतकका परिवारले क्षतिपूर्ति पाउनुपर्ने र बिरामीको उपचार सरकारले गर्नुपर्ने माग गरिएको थियो। रिटमा स्वास्थ्य क्षेत्रबाट पटक-पटक यस्ता लापरबाही हुने गरेकाले अध्ययन गरी दोषीमाथि कारबाही गर्नुपर्नेसमेत माग गरिएको थियो।

# बाढीले बगाएर दुईको मृत्यु

वीरगन्ज, (नेस)

पर्सामा अविरल वर्षाका कारण आएको बाढीमा डुबेर मर्नेको संख्या २ पुगेको छ।

जिल्लाको पर्सागढी नगरपालिका-४ मा पर्ने फन्ठी खोलामा सोमबार डुबेर कक्षा ९ मा अध्ययनरत छात्रा प्रतिमा रामको मृत्यु भएको थियो भने उनीसँगै डुबेर बेपत्ता भएका कक्षा ९ मै अध्ययनरत छात्र सुरेन्द्र मण्डलको मंगलबार शव भेटिएपछि मर्नेको संख्या २ पुगेको हो।

नेरा मावि बर्वाछटैमा सोमबार परीक्षा दिन गएका दुवै विद्यार्थी वर्षाका कारण परीक्षा रद्द भएपछि घर फर्किने क्रममा फन्ठी खोला पार गर्न लाग्दा प्रमिलाको डुबेर मृत्यु भएको थियो भने बेपत्ता भएका मण्डलको शव भेटिएको प्रहरी नायव उपरीक्षक सत्यनारायण थापाले जानकारी दिनुभयो।

पर्सागढी नगरपालिका-८ निवासी जाँदोलाल साहकी छोरी प्रमिला र बाराको कलैया उपमहानगरपालिका दोहरी निवासी बुधन मण्डलका छोरा सुरेन्द्रको शव परीक्षणका लागि वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा राखिएको नायव उपरीक्षक थापाले जानकारी दिनुभयो। पर्साको हरपुरमा रहेको मामाघरमा रही मृतक मण्डल उक्त विद्यालयमा अध्ययन गर्दै आएको प्रहरीले जनाएको छ। वर्षाको कमीसँगै डुबान क्षेत्रबाट पानीको सतह कम हुँदै गएको छ।

# बाजुराको यातायात सम्पर्कविच्छेद

**दयाराम पण्डित, बाजुरा**

वर्षायाम शुरू भएसँगै बाजुराको सदरमुकाम मार्तडीदेखि उत्तरपूर्वी क्षेत्रसँगको यातायात सम्पर्कविच्छेद भएको छ। जिल्ला सदरमुकामसम्म कालोपत्रे बाटो भए पनि सदरमुकाम मार्तडीदेखि कोल्टीसम्मको ४३ किलोमिटर सडकखण्डमा बाटो अवरुद्ध भएको हो।

सोमबारदेखिको वर्षाले गुइगाड खोलामा पानी परेपछि अहिले जिल्ला सदरमुकामसम्मको सडकसमेत अवरुद्ध भएको छ। पानी परेपछि बाटो चिप्लो हुने र ठाँउ-ठाँउमा पहिरो जाने भएकाले यातायातका साधन सञ्चालन हुन नसकिरहेको यातायात व्यवसायीले बताउँदै आएका छन्।

मार्तडीदेखि कोल्टीसम्मको बाटो कालोपत्रे नभएकाले वर्षमा ६/७ महिनामात्र यातायातका साधन चल्ने र बाँकी समय यातायात चल्न सक्ने अवस्था नरहेको व्यापारी सर्पदेव बोगटीले बताउनुभयो।

२०५७ सालमा शिलान्यास भएको मार्तडी-कोल्टी सडकखण्ड हालसम्म

**वर्षाको विनाश**

कालोपत्रे नभएपछि बाजुराको उत्तरपूर्वी क्षेत्रका ४ वटा स्थानीय तहका जनतासँगै हुम्ला र मुगुका जनता मारमा पर्ने गरेका छन्। वर्षायाममा हवाई यातायातसमेत अवरुद्ध हुने र सडक यातायात नचल्ने भएपछि आवत-जावत तथा सामानको ओसारपसारमा समस्या भइरहेको स्थानीयको भनाइ छ।

त्यस्तै सदरमुकाम मार्तडीको त्रिवेणी सानाजलविद्युत् केन्द्रको बाउली खोलाले मुहानमा बालुवा थुपार्दा विद्युत् सेवा क्षण-क्षणमा अवरुद्ध हुनेगरेको छ। 'घन्टा-घन्टामा बालुवा निकालेर नहरमा पानी हाल्नुपर्ने अवस्था छ' -साना जलविद्युत् केन्द्रका कर्मचारी सूर्य रावलले बताउनुभयो।

मार्तडी-कोल्टी सडकखण्ड अवरुद्ध भएपछि कोल्टीमा एकाएक दैनिक उपभोग्य वस्तु तरकारी, दाल, चामल र ग्यासलगायतका सामग्रीको अभाव भएको छ। स्थानीयले खच्चडको माध्यमबाट ढुवानी गर्ने सामग्री महँगो पर्ने भएकाले उपभोक्तालाई अझ समस्या भएको छ।

# शिक्षकद्वारा विद्यालय बन्द

डोटी, (नेस)

डोटीको सायल गाउँपालिकाका शिक्षकले तलब नपाएको भन्दै अनिश्चतकालीन विद्यालय बन्द गरेका छन्। आफूहरूले ४ महिनासम्म पनि तलब नपाएको भन्दै शिक्षक महासंघ सायल गाउँपालिका नेतृत्वको शिक्षक टोलीले पूरै गाउँपालिकामा रहेका ३१ वटा विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको स्थानीयवासी तेजबहादुर सिंहले बताउनुभयो। उहाँले भन्नुभयो- 'तलब पाइएन भनेर शिक्षकले विद्यालय बन्द गरे, विद्यार्थीको भविष्य अन्योल भयो।'

# वृद्ध मृत फेला

गुल्मी, (नेस)

गुल्मीमा १ जना वृद्ध मृत फेला परेका छन्। जिल्लाको छत्रकोट गाउँपालिका वडा नम्बर २ कोठडाँडा घर भएका ६३ वर्षका मानबहादुर परियार मृत फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुरागकुमार द्विबेदीले जानकारी दिए।

परियार मंगलबार जिल्लाको गुल्मीदरबार गाउँपालिका वडा नम्बर ४ वीरबासस्थित तिलादी सामुदायिक वनमा फेला परेका थिए। असार १५ गते शुक्रबार घरबाट सम्पर्कविहीन भएका परियारको भीरबाट लडेर मृत्यु भएको हुन सक्ने प्रहरी उपरीक्षक द्विबेदीले बताए। परियारको शवलाई पोस्टमार्टमका लागि तम्घास अस्पताल लगिएको छ।

# क्यान्सरपीडितलाई ५८ हजार सहयोग

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा १ ब्लडक्यान्सरपीडित युवकलाई विदेशबाट ५८ हजार सहयोग प्राप्त भएको छ। लमजुङको बेंसीशहर नगरपालिका-१ उदिपुरका ब्लड क्यान्सर रोगबाट पीडित गौरव सिलवालको उपचारका लागि स्पेनमा रहेका प्रवासीले सहयोग गरेका हुन्।

ब्लड क्यान्सर रोगबाट पीडित सिलवालको उपचारका लागि स्पेनमा रहेको नेपाली समाज पाइस भास्कोमा आबद्ध रहेका नेपालीले पठाएको रकम ५८ हजार २ सय ८३ रुपियाँ पीडित किशोरकी आमा सुशीलालाई हस्तान्तरण गरिएको छ। बेंसीशहर नगरपालिका-१ उदिपुरका १७ वर्षीय सिलवालको हाल काठमाडौंस्थित सिभिल अस्पतालमा उपचार भइरहेको छ।

छोराको उपचारका लागि जुटाएको रकम सकिएपछि बेखर्ची अभिभावकले मिडियामार्फत आर्थिक सहयोगको अपिल गरेपछि प्रवासीले रकम उठाएर पठाएका हुन्। उक्त रकम नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नवीनराज कुइँकेलमार्फत बिरामीका बुबा मिलनबाबु सिलवाललाई हस्तान्तरण गरिएको छ।

६ महिनासम्म अस्पतालमा राखेर उपचार गर्नुपर्ने भएपछि सिलवाल परिवारलाई खर्च धान्न धौ-धौ परेको उनकी आमा सुशीलाले बताउनुभयो। शुरूका दिनमा छोराको उपचारका लागि खर्च धान्न सकिएला भन्ने भए पनि उपचार गर्दै जाँदा सोचेभन्दा बढी खर्च लागेको हुँदा खर्च धान्न नसकेपछि सार्वजनिकरूपमा सहयोगको अपिल गरिएको आमा सुशीलाले बताउनुहुन्छ। सिग्मा कलेजमा १२ कक्षामा अध्ययनरत गौरवको यतिबेला सिभिल अस्पतालमा उपचार भइरहेको छ। उनको ३ चरणसम्मको केमोथेरापी सकिएको उनकी आमा सुशीलाले बताउनुभयो। उहाँका अनुसार छोराको उपचारमा आजसम्म झन्डै १२ लाख खर्च भइसकेको छ।

हस्तान्तरण गरिएको ५८ हजार २ सय ८३ रुपियाँ स्पेन भास्कोमा बस्ने ३१ जनाले संकलन गरेको जानकारीमा आएको छ। त्यहाँ रहेका चोगबा शेर्पा, रमेश पण्डित, कृष्ण सिग्देल, इन्द्रबहादुर गुरुङ, हिमालय रेस्टुरेन्ट, रघुनाथ विष्ट, तारादेवी पोखेल, प्रकाशबाबु त्रिपाठीले सहयोग गरेका हुन्। यसैगरी अन्य सहयोगीमा साहिला अलिमान्तासियाने, गंगाराम सापकोटा, दयाराम भट्टराई, दीपेन्द्रप्रसाद आचार्य, ईश्वर बस्ताकोटी, सविन बस्नेत, रमिला चौलागाईं, सुरेन्द्र पौडेल रहेका छन्। साथै श्वैजन अधिकारी, निर्मला पौडेल, अर्विन्दकुमार यादव, गगन भण्डारी, विस्सु खड्का, तिलक गुरुङ, तिलक खड्का, रमेश तामाङ, हरि गुरुङ, स्वागत सेढाइ, दामोदर निरौला, महनारायण चौधरी, पूर्णप्रसाद राई, कृष्ण परियार र ऋषि आचार्यको सहयोगमा उक्त रकम संकलन भएको हो।

# अतिविपन्न तथा दलित महिलालाई पाठी वितरण

लमजुङ, (नेस)

लमजुङमा अतिविपन्न तथा दलित १७ जना महिलालाई पाठी वितरण गरिएको छ। बेंसीशहर नगरपालिका-२ टारगाउँका १७ जना अतिविपन्न तथा दलित महिलालाई पाठी वितरण गरिएको हो।

जिल्लामा आएको गरिबसँग विशेश्वर कार्यक्रममार्फत विपन्न परिवारमा आयआर्जन वृद्धि गरी जीवनस्तर उठाउन ती बाख्राका पाठी वितरण गरिएको गरिबसँग विशेश्वर कार्यक्रमका जिल्ला संयोजक विजय पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सोही वडाको तालफाँट भकुन्डेमा आयोजित कार्यक्रममा बाख्राका साथमा उन्नत जातको ब्याड बोकासमेत वितरण गरिएको हो।

नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले टारगाउँ हराभरा समूहलाई उन्तत जातको बाख्राको ब्याड बोका हस्तान्तरण गर्दै पाठी वितरण अभियानको थालनी गर्नुभयो। सो अवसरमा अर्यालले व्यावसायिक तरिकाले बाख्रापालन गरी अघि बढेको खण्डमा यी किसानलाई नगरपालिकाले निःशुल्क खोर बनाइनेदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अं.वं.१०२नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२(क) नं.बमोजिम मोरङ्ग जिल्ला अदालतबाट जारी भएको

सिद्धिमान पतिको छोरी अरुण शाक्यको पत्नी जिल्ला काठमाण्डौका.म.न.पा वडा नं.६, सरस्वती नगर, महाकाल फाँट गोपीकृष्ण सिनेमाहल पछाडी बस्ने अ.व.५५ कि प्रमिला शाक्यको नामको ३० दिने इतलायनामा म्याद ।

उप्रान्त वादी श्री सम्पत्ति शाक्यको छोरी जिल्ला मोरङ्ग विराटनगर महानगरपालिका वडा नं.१० बस्ने वर्ष५० को शारदा शाक्य प्रतिवादी तपाँईप्रमिला शाक्य समेत भएको मु.नं.२००९,२०१०,२०१३,२०१४,२०१५ को दुषित लिखत वदर दर्तावदर ५ थान एवं मु.नं.२०१६,२०१७,२०१९,२०२०,२०२१को जालसाज ५ थान मुद्दामा तपाँई प्रमिला शाक्यको नामको म्याद वेपते तामेल भई आएकोले मिति २०७५।०३।१७ को आदेश अनुसार यस राष्ट्रिय स्तरको पत्रिकाबाट जारी गरिएको छ । सुचना जारी भई प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० दिन भित्र आफनो सवुत प्रमाण लिइ अदालत खुलेको समयमा आफै, आफ्ना कानुन बमोजिमको प्रतिनिधी वा कानुन व्यवसायी मार्फत हाजिर हुनु होला । हाजिर नभए मुद्दा कानुन बमोजिम हुनेछ । पछी तपाँईको उजुर लाग्ने छैन्।

इति सम्वत २०७५ साल अषाढ २० गते ४ रोज शुभम्.........................

**कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन गरि कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धी सूचना**

कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा. लि. दर्ता नं. ३७४१४/०६२/०६३ मा दर्ता भई सम्बन्धित निकायको अनुमति प्राप्त गरि संचालनमा रहेको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाममा रहेको चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत परिवर्तित कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंको मिति २०७५/०२/२२ को निर्णय अनुसार साविकको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन भई कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराउने प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि.
त्रिपुरेश्वर, काठमाडौं

# वर्षाको यात्रामा ज्यानकै बाजी

# ठेकेदार कम्पनीको लापरबाही

**हरकसिंह धामी, कञ्चनपुर**

असारे वर्षाका कारण कञ्चनपुरको हुलाकी राजमार्ग दयनीय बन्दै गएको छ। सडक कालोपत्रे गर्ने जिम्मा पाएको निर्माण कम्पनीको ढिलासुस्तीले सडक सुधार नहुँदा राजमार्ग दयनीय बन्दै गएको हो। सम्झौता भएको १८ महिना बितिसक्दा पनि निर्माण कम्पनीले काममा बेवास्ता गरेका कारण सडकको अवस्था सुधार भएको छैन।

आर्थिक वर्ष २०७३/०७४को माघ महिनामा कञ्चनपुरको डोकेबजार-पुर्नबास-बेलौरी-बेल्डाँडी हुँदै दैजीसम्मको ६२ किलोमिटर सडक कालोपत्रेका लागि कुल १ अर्ब १७ करोड लागतमा काम सम्पन्न गर्ने सम्झौता भएको थियो। हुलाकी राजमार्ग आयोजनासँग बाबाहंस र शर्माजेभी निर्माण कम्पनीले सडक कालोपत्रेका लागि ३० महिनाको अवधिमा ७ मिटर चौडाइ कालोपत्रे गर्ने सम्झौता गरेका थिए। गर्मीमा धुलाम्मे, हिउँदमा ठूला-ठूला खाल्डाखुल्डी र अहिले वर्षात्मा हुलाकी सडक रोपाइँका खेतजस्तै हुने गरेको छ। पूर्वमेची हुँदै पश्चिम महाकाली जोड्ने हुलाकी राजमार्गअन्तर्गत कञ्चनपुरको बेल्डाँडी दैजी सडकखण्ड सबैभन्दा बढी दयनीय बनेको छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भएर बेल्डाँडीदेखि दैजी महेन्द्र राजमार्गसम्म सडकको अवस्था नाजुक बन्दै गएपछि उक्त सडकमा यात्रा सकसपूर्ण बनेको छ। हुलाकी सडकको ठाँउ-ठाँउमा खाल्डाखुल्डी परेका छन्। यो सडक हेर्दा रोपाइँ गर्ने खेतजस्तै बनेको देखिन्छ। पानी परेका दिन सडक होइन, रोपाइँका लागि तयार पारेका खेतजस्तै हुने भएकाले यात्रुले ज्यानको बाजी थापेर जोखिमपूर्ण कष्टकर यात्रा गर्नुपर्ने बाध्यता सिर्जना भएको छ। वर्षौंदेखि सडक सुधार नभएका कारण दक्षिणी क्षेत्रका जनता यातायात सेवाबाट वञ्चित भएका छन्। कच्ची सडक भएका कारण बेला बेलामा सवारीसाधन दुर्घटना



भइरहेका छन्।

तर, पनि सम्बन्धित निकायको बेवास्ताका कारण सडक सुधार हुन सकेको छैन। सडक कालोपत्रेको जिम्मा पाएको निर्माण कम्पनीको लापरबाही र ढिलासुस्तीका कारण अझै सडक स्तरोन्नति हुन नसकेको स्थानीयले बताएका छन्। बेल्डाँडीका स्थानीय युवा दीपेन्द्र सिंह धामीले सडक सुधार नभएका कारण खुकुरीको धारमा यात्रा गर्नुपर्ने बाध्यता रहेको बताए। बेलौरीका स्थानीय जनक चौधरीले ग्रामीण भेगका बेरोजगार युवाले जमिन बन्धकीमा राखेर अटो व्यवसाय गरेका छन्, वर्षात्का कारण कच्ची सडकमा अटो चलाउँदा आम्दानीभन्दा खर्च बढी भइरहेको छ र ३० मिनेर समय लाग्ने सडकमा २ घन्टा लाग्ने गरेको बताउनुभयो। यस हुलाकी राजमार्गमा बल्मा र हात्तीखड्डा नदी पर्ने गर्दछन्। यी नदीमा पुल नभएका कारण अझ वर्षात्मा आवत-जावत गर्न झन् समस्या भएको छ।

वर्षा भएको बेलामा दुवै नदीको सतह बढने भएकाले दिनभर बस्नुपर्ने बाध्यता हुने गरेको छ। २ वर्षअघि पुल निर्माणको जिम्मा पाएको एमएसकेएस एडभेन्चर नन्देगडा जेभीले गत २०७४ पुष २६ गतेभित्र पुल निर्माणको काम सम्पन्न गर्ने सम्झौता गरेको थियो। तर, सम्झौता सकियो, अहिलेसम्म पनि पुल नबन्दा फेरि पनि दक्षिणी क्षेत्रका जनतालाई दैनिक आवत-जावतमा समस्या भएको हो। १७ मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल निर्माणका लागि ८ करोड, ४७ लाख बराबरलागतको स्टेमेट गरिए पनि निर्माण कम्पनीले ६ करोड, ८० लाख रुपियाँमा सम्झौता गरेको थियो।

निर्माण कम्पनीले सम्झौताअनुसार काम गर्न नसक्दा म्याद थप गरिएको छ। सडक डिभिजन कार्यालयले निर्माण कम्पनीले समयमै काम सम्पन्न नगरेको जनाएको छ। पुल बन्न थालेपछि हर्षित भएका दक्षिणी क्षेत्रका स्थानीय निर्माण कार्य ढिलाई हुँदा निराश भएका छन्। हुलाकी राजमार्ग आयोजनाका सब-इन्जिनियर वीरबहादुर कोलीले वर्षात्मा काम गर्न नसकिने भएकाले काम रोक्नुपर्ने बताए।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म
२००७/१०/१५

स्वर्गारोहण
२०७५/०३/०८

**स्व. मन भण्डारी**

हाम्रा प्रिय **मन भण्डारी**को असामयिक एवं अकल्पनीय निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा समवेदना प्रकट गर्नुहुने समस्त नातेदार, इष्टमीत्र तथा सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक आभार प्रकट गर्दछौं।

**पतिः शम्भु बहादुर भण्डारी**

**छोरा/बुहारी**
संजय भण्डारी/बिपुला भण्डारी
सिजन भण्डारी/स्वसतिका भण्डारी

**छोरी/ज्वाइँ**
सम्झना भण्डारी/दिनेश के.सी

**नाति/नातिनीहरु**
दर्शना के.सी, बरदान भण्डारी, देवांशी के.सी, बैभव भण्डारी